आँबुखैरेनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: ०८१/०८२
चलानी नं.:

## तहबृद्विको लागि आवेदन दिने सम्बन्धी सुचना।

(सुचना प्रकाशन मितिः २०८२/०३/०९)
(सुचना नं. तहबृद्वि ०२/०८१/०८२)

गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ बमोजिम तहबृद्वि हुने पदभन्दा एक तहमुनीको पदमा तोकिए बमोजिमको न्युनतम सेवा अवधी पुरा भएका र तोकिए बमोजिमका पछिल्ला आर्थिक बर्षको कार्यसम्पादन मुल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समुह वा उपसमुह भित्रको पदमा तहबृद्वि गर्ने प्रयोजनका लागि यो सुचना प्रकाशन गरिएको छ। सो ऐनको दफा ३१ बमोजिमको नकारात्मक सुचीमा नपरेका तहबृद्वि हुने पदभन्दा एक तहमुनीको पदमा सम्बन्धित सेवा समुह र उपसमुहको पदमा यस कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले नियमावलीको अनुसुची-१५ बमोजिमको आवेदन फाराम २ प्रति भरि कार्यरत कार्यालयको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८२/०३/२३ गते कार्यालय समय भित्र तपसिलका कागजात सहित कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ।

तपसिलः

१. गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसुची १५ बमोजिमको आवेदन फाराम,
२. नियुक्ति पत्रको प्रतिलिपी र समायोजन भएका कर्मचारीहरुको हकमा समायोजन पत्रको प्रतिलिपी,
३. सरुवा वा कामकाजमा खटाईएका कर्मचारीहरुको हकमा सरुवा वा कामकाजमा खटाईएको पत्र,
४. गण्डकी प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ३१ बमोजिम नकारात्मक सुचीमा नपरेको स्वघोषणा,
५. आवेदन फाराममा निर्दिष्ट गरेका कुराहरु स्पष्ट रुपमा खुलाएको हुनुपर्ने,
६. २०८२ असार मसान्तसम्म तह बृद्वि हुने पदभन्दा एक तहमुनीको पदमा तोकिए बमोजिमको न्युनतम सेवा अवधी पुरा हुने कर्मचारीहरुले समेत आवेदन फाराम भर्न सक्ने।

पुनश्चः- म्याद नाघि प्राप्त हुन आएका, अपुरो विवरण भरि पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन उपर कुनै कारवाही नगरिने(सो को जिम्मेवार स्वयंः रहने)व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ।

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन/फ्याक्स नं.: ०६५-५४००८२, ईमेलः akruralmunicipality73@gmail.com, Web.: aanbookhairenimun.gov.np

Scanned with CamScanner